# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. :- (शै.प्र.शा.) ६७५/०७८/०७९

मिति : २०७८/१०/२५ गते

**स्नातकोत्तर तह (२०७८–२०८०) मा UDF कोटामा भर्नाको लागि छनौट भएका उम्मेदवारहरुको**
**<u>दोस्रो भर्ना सूची प्रकाशन सम्वन्धि सूचना</u>**

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय, हेटौंडाको शैक्षिक सत्र २०७८–२०८० स्नातकोत्तर तहमा अध्ययन गर्न आवेदन दिएका उम्मेदवारहरुमध्ये मिति २०७८/१०/१५ गते शनिवारका दिन लिइएको प्रवेश परीक्षामा प्राप्त प्राप्ताङ्क र स्नातक तहको प्राप्ताङ्कको १० प्रतिशत समेतको आधारमा योग्यताक्रमानुसार तयार गरी प्रथम भर्ना UDF कोटाको सूचीमा उल्लेखित उम्मेदवारहरुलाई भर्नाको लागि छनौट गरिएकोमा छनौट भएका उम्मेदवारहरुले दिइएको म्याद भित्र यस वन विज्ञान संकायमा अनलाईन भर्ना भई भर्ना हुन बाँकी रहेका रिक्त स्थानको लागि तपसिलका सूचीमा उल्लेखित उम्मेदवारहरुलाई UDF कोटामा भर्नाको लागि छनौट गरिएको छ ।

भर्नाको किसिम अनलाईन मार्फत हुने भएकाले उल्लेखित उम्मेदवारले विश्वविद्यालयको आधिकारिक वेवसाईट www.afu.edu.np मा गई M.Sc. Forestry भर्ना सम्वन्धि सूचनामा आफ्नो नाम दर्ता गराउन आवश्यक विवरण सहित भर्ना शुल्क बुझाएको बैङ्क भौचर पेश गर्नु पर्नेछ । साथै उम्मेदवारका अन्य सक्कल प्रमाणपत्रहरु कार्यालयले माग गरेको समयमा उपलव्ध गराउने कबुल गर्दै सो अनलाईन भर्ना सम्पन्न गर्नु पर्नेछ । दोस्रो भर्ना सूचीको अनलाईन भर्ना हुने म्याद मिति २०७८/१०/२५ गते मङ्गलबारदेखि मिति २०७८/१०/२८ गते शुक्रबार राती १२:०० बजे भित्र तोकिएको छ । कुनै उम्मेदवारको शैक्षिक योग्यता एवं अन्य विवरण झुठ्ठा ठहरिएमा वा फरक भेटिएको प्रमाणित भएमा र तोकिएको भर्ना शुल्क नबुझाएमा त्यस्ता उम्मेदवारको भर्ना कुनैपनि समय रद्द गर्न सकिनेछ । भर्ना सूची प्रकाशनमा सकेसम्म शुद्दिकरण गरिएको छ, तथापि कुनै भूलचुक भएमा भर्ना सम्वन्धि मूलकपिबाट सच्याईने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि सूचित गरिन्छ ।

**भर्ना हुने विद्यार्थीले तोकिए बमोजिमको भर्ना शुल्क रकम वन विज्ञान संकाय, हेटौडाको नाममा रहेको कृषि विकास बैङ्क लिमिटेड, हेटौडा शाखा चल्ति खाता नं. ०५०८५०१८५४९९५०१९ मा जम्मा गरेको बैङ्क भौचर संलग्न हुनु पर्नेछ ।**

**<u>UDF कोटामा भर्नाका लागि छनौट भएका उम्मेदवारहरुः-</u>**

**भर्ना शुल्कः- रु.९६,१००।- (पहिलो सेमेष्टरको परीक्षा शुल्क समेत)**

| Serial No. | Exam Roll No. | Full Name of Applicants | Gender | Total Score |
|---|---|---|---|---|
| 1 | 1140 | RABINA KHATIWADA | Female | 64.476 |
| 2 | 1173 | KAMAL CHITRAKAR | Male | 64.459 |
| 3 | 1177 | SANDHYA SHRESTHA | Female | 64.374 |

( प्रा.डा. बलराम भट्ट )
डीन

<u>वोधार्थः-</u>

।१। श्री रजिष्ट्रारको कार्यालय, कृ.व.वि.वि., रामपुर, चितवन ।
।२। श्री स्नातकोत्तर कार्यक्रम निर्देशनालय, कृ.व.वि.वि., रामपुर, चितवन ।
।३। श्री परीक्षा नियन्त्रण कार्यालय, कृ.व.वि.वि., रामपुर, चितवन ।
।४। श्री आर्थिक प्रशासन शाखा, वन विज्ञान संकाय, हेटौडा, मकवानपुर ।